***सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३)***
***बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।***
***<u>२०८२ साल चैत्र मसान्त सम्मको</u>***

१) **निकायको स्वरुप र प्रकृतिः**

प्रचलित कानुन बमोजिम बि.स. २००४ सालमा नेपाल माल चलानी र बीमा कम्पनी लिमिटेडको नाममा स्थापना भई उद्योग परिषदबाट बि.स. २००६ सालमा इजाजत प्राप्त यस कम्पनी बि.स.२०१६ सालमा नाम परिवर्तन भई नेपाल ईन्स्योरेन्स एण्ड ट्रान्सपोर्ट कम्पनी लिमिटेड र बि.स. २०४८ सालमा नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेडमा परिणत भई, बीमा ऐन बमोजिम इजाजतपत्र प्राप्त गर्नुका साथै कम्पनी ऐन, २०६३ बमोजिम बि.स. २०६५ साल कार्तिक २२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई निर्जीवन बीमा व्यवसाय गर्दै आएको कम्पनी हो ।

२) **निकायको काम, कर्तव्य र अधिकारः**

कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९, बीमा नियमवाली २०८१, धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, कम्पनीको प्रबन्धपत्र नियमावली बमोजिमको काम, कर्तव्य र अधिकार, नेपाल बीमा प्राधिकरण लगायत अन्य नियामक निकायहरुबाट जारी निर्देशन, परिपत्र तथा प्रचलित ऐन तथा कानुनहरुको पालना गर्दै कम्पनीले निर्जीवन बीमा सम्बन्धी सम्पूर्ण सेवाहरु प्रदान गर्दै आएको छ ।

३) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

हाल यस कम्पनीमा २९५ जना कर्मचारीहरु कार्यरत छन् । कम्पनीको आर्थिक प्रशासन बिनियमावली तथा कर्मचारी सेवा शर्त बिनियमावली बमोजिम कार्यभार विभाजन गरिंदै आएको छ । कम्पनीको व्यवस्थापन समुह, विभागिय प्रमुख, प्रदेश प्रमुख तथा शाखा/उपशाखा प्रमुखहरुको नामावली कम्पनीको वेवसाइट www.nepalinsurance.com.np मा राखिएको छ ।

४) **निकायबाट प्रदान गरिने सेवाः**

यस कम्पनीबाट विभिन्न निर्जिवन बीमा सम्बन्धि सेवाहरु जस्तैः सम्पत्ति बीमा, सामुन्द्रिक बीमा, मोटर बीमा, इन्जिन्यिरिङ्ग बीमा, हवाई बीमा, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा लगायत विविध बीमा सेवाहरु प्रदान गर्दै आएको छ ।

५) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

कम्पनीले प्रधान कार्यालय तथा ५४ वटा प्रदेश/शाखा/उपशाखा कार्यालयहरु, २ वटा सेवा केन्द्र र ४ वटा तेश्रो पक्ष बीमा सेवा केन्द्रहरुबाट बीमा सेवा प्रदान गर्दै आइरहेको छ । सेवा प्रदान गरिने प्रदेश/शाखा/उपशाखाहरुको विवरण तथा जिम्मेवार अधिकारीको नाम कम्पनीको वेवसाइट www.nepalinsurance.com.np मा राखिएको छ ।

६) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी :** सम्पत्ति बीमा, मोटर बीमा, सामुन्द्रिक बीमा, इन्जिन्यिरिङ्ग बीमा, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा, हवाई बीमा र विविध बीमाको हकमा नेपाल बीमा प्राधिकरणद्वारा बेला बेलामा जारी गरेको निर्देशन बमोजिमको बीमा शुल्क तथा अन्य बीमाको हकमा

कम्पनीको जोखिमाङ्कन विभाग तथा पुनर्बीमकबाट तोकिए बमोजिमको बीमा शुल्क भुक्तानी गरे पश्चात २४ घण्टा भित्र बीमालेख उपलब्ध गराइनेछ । साथै दाबीको हकमा बीमा नियमावली, बीमा दावी भुक्तानी मार्गदर्शन, २०८१ बमोजिम सर्भेयरबाट प्राप्त प्रतिवेदन तथा आवश्यक कागजात प्राप्त भए पश्चात नियमानुसार दावी भुक्तानी गर्ने गरिएको छ ।

**७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सम्बन्धित शाखा तथा विभागबाट निर्णय गर्ने प्रक्रिया शुरु भई अख्तियारीको आधारमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाईएको छ । व्यवस्थापकीय प्रमुखको रुपमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत र नीतिगत निर्णयकर्ताको रुपमा सञ्चालक समिति रहेको छ ।

**८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

कम्पनीमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनुका साथै व्यवस्थापकिय पदाधिकारी, विभागिय प्रमुख, प्रदेश प्रमुख, कार्यालय प्रमुख तथा अन्य कर्मचारीहरुको निर्णय उपर प्रमुख कार्यकारी अधिकृत र प्रमुख कार्यकारी अधिकृतको निर्णय उपर सञ्चालक समिति रहेको छ ।

**९) सम्पादन गरेको कामको विवरणः**

बीमा ऐन, २०७९, बीमा नियमावली २०८१ तथा नेपाल बीमा प्राधिकरणले समय समयमा तोके बमोजिम निर्जीवन बीमा सम्बन्धि सम्पूर्ण कारोबारहरु सम्पादन गर्दै आएको छ ।

**१०) सुचना अधिकारी र प्रमुखको नाम र पदः**

कार्यालय प्रमुखको नाम : श्री वीरकृष्ण महर्जन, प्रमुख कार्यकारी अधिकृत ।
सूचना अधिकारीको नाम : श्री निरोज कोइराला, मुख्य प्रबन्धक ।

**११) ऐन, नियम, बिनियम वा निर्देशिकाको सूचीः**

कम्पनी ऐन २०६३, बीमा ऐन २०७९, बीमा नियमावली, २०८१, धितोपत्र सम्बन्धी ऐन २०६३ तथा नियमावली २०६४, सम्पत्ति शुद्धिकरण निबारण ऐन २०६४ तथा नियमावली, २०७३, श्रम ऐन २०७४ तथा नियमावली २०७५, बोनस ऐन, २०३० तथा नियमावली, २०३९, मुलुकी देवानी सहिंता, २०७४, आयकर ऐन २०५८ तथा नियमावली २०५९, मुल्य अभिवृद्धि कर ऐन २०५२ तथा नियमावली २०५३, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली २०५४, सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५, मोटर बीमा दर सम्बन्धी निर्देशिका,२०७३, बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी निर्देशिका, २०७३, बीमकको जोखिम व्यवस्थापन मार्गदर्शन, २०७६, बीमकको सुचना प्रविधि मार्गदर्शन, २०७६, बीमकको संस्थापक शेयर कारोवार सम्बन्धी निर्देशिका, २०७७, बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका,२०७९, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०८० (संशोधन सहित), बीमकको पुनर्बीमा निर्देशिका, २०८०, सम्पत्ति बीमा निर्देशन, २०८०, IRMIS सम्बन्धी मार्गदर्शन २०८०, बीमकको वित्तिय विवरण सम्बन्धी निर्देशन २०८०, बीमकको वित्तिय विवरण सम्बन्धी निर्देशन, २०८०, बीमा दावी भुक्तानी मार्गदर्शन, २०८१, मेलमिलाप तथा मध्यस्थता सम्बन्धी कार्यविधि, २०८१, बीमकको स्थिर सम्पत्ति खरिद तथा विक्रि सम्बन्धी निर्देशिका २०८१, मौद्रिक क्षति बीमा सम्बन्धी निर्देशन, २०८१,

बीमकको लगानी निर्देशिका, २०८२, सम्पत्ति शुद्धिकरण, आतङ्ककारी कार्य तथा आम विनाशकारी हतियार निर्माण वा विस्तारमा हुने वित्तिय लगानी निवारण सम्बन्धी निर्देशन २०८२ तथा नेपाल बीमा प्राधिकरणद्धारा समय समयमा जारी अन्य निर्देशन तथा परिपत्र आदि ।

१२) **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणः**
यस बीमा कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि त्रैमासिक विवरणहरु प्रत्येक त्रैमास समाप्त भएको ३० दिन भित्र राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको छ साथै यस कम्पनीको वेवसाइट www.nepalinsurance.com.np मा पनि उक्त विवरणहरु उपलब्ध छ ।

१३) **तोकिए बमोजिमका अन्य विवरणः** नभएको ।

१४) **अघिल्लो अर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :** सम्पत्ति शुद्धिकरण लगायत अन्य विषयहरुमा कर्मचारीहरुलाई तालिम, गोष्ठी, सेमिनार, आदि ।

१५) **निकायको वेवसाईट भए सो को विवरणः** www.nepalinsurance.com.np

१६) **निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** नभएको ।

१७) **निकायले संचालन गरेको कार्यक्रम तथा सो को प्रगति प्रतिवेदन :**
कम्पनीले आबश्यकता अनुसार विभिन्न तालिम, गोष्ठि, सेमिनार तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्दै आएको छ । साथै उक्त विवरण कम्पनीको बेबसाइटमा समेत राखिएको छ ।

१८) **निकायले वर्गिकरण तथा संरक्षण गरेको सुचना नामावली र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधि :**

क) कम्पनीले प्रचलित ऐन, नियम, निर्देशन, परिपत्र, आन्तरिक नीति तथा कार्यबिधि बमोजिम सार्वजनिक हुने तथा नहुने सूचना वर्गिकरण गरी सार्वजनिक हुने सूचना कम्पनीले सार्वजनिक रुपमा पत्र पत्रिका, कम्पनीको वेबसाईट आदिमा समय समयमा प्रकाशित गर्ने गरेको छ भने सार्वजनिक नहुने सूचनाको गोप्यता कायम गर्ने व्यवस्था गरेको छ ।

ख) कम्पनीको त्यस्तो सूचनाहरु कानून तथा नियम बमोजिमको समयावधि सम्म संरक्षण गर्ने व्यवस्था गरेको छ ।

१९) **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
नभएको ।

२०) **निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सो को विवरण :**
साधारण सभा सम्बन्धी सुचना, बीमा दावी सम्बन्धी सुचना, त्रैमासिक विवरणहरु, सर्भेयर सुचि दर्ता सम्बन्धी सुचना लगायत अन्य सुचनाहरु प्रकाशित गरिएको र सो सुचनाहरु कम्पनीको वेबसाईडमा समेत राखिएका छन् ।